# गुराँस गाउँपालिकाको परिचय

दैलेख जिल्लाको पर्यटकीय स्थलको रुपमा रहेको गुराँस गाउँपालिका, कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट २५ कि.मि.को दुरीमा रहेको छ ।

साविकका वराह, सेरी, खड्कवाड, गोगनपानी, पिलाडि, लालिकाँडा गा.वि.स.हरुलाई जोडेर हालको गुराँस गाउँपालिकाको निर्माण गरिएको हो । झट्ट हेर्दा नेपालको नक्शा जस्तो देखिने गुराँस गाउँपालिका समुन्द्री सतहबाट सबैभन्दा कम ५४४ मिटरमा रहेको वडा नं. २ स्थित तल्लो डुङ्गेश्वर प्रसिद्ध कर्णाली नदीको किनारमा कर्णाली राजमार्गमा अवस्थित छ । भने सवैभन्दा बढी उचाई रहेको वडा नं.७ स्थित मालिका कोप्ची जाजरकोट जिल्लाको सिमानामा रहेको छ । राष्ट्रिय जनगणना २०७८ को अनुसार गुराँस गाउँपालिकाको कुल जनसंख्या २१,१८९ रहेको छ, जसमध्य कुल जनसंख्याको ५१ % महिला छन् भने ४९ % पुरूष रहेका छन् । करिब १६४.७९ वर्ग किलोमिटर क्षेत्रफल रहेको गुराँस गाउँपालिका व्यवसायीक आलु तथा तरकारी उत्पादन र पर्यटनको कारणले प्रख्यात रहेको छ । यस गाउँपालिकामा गुराँस फुलको मनमोहक दृष्य र चिसो हावापानीका साथै व्यवसायीक र मनोरञ्जनको उदेश्यले वर्षेनी हजारौ आन्तरिक र बाहेक पर्यटनहरु आउने गर्दछन् । गुराँस गाउँपालिकामा संचालित सबैजसो होटेलहरु लोकल कुखुरा कर्णाली तथा लोहोरे खोलाको माछा र स्थानीय खानेकुराको कारणले भरिभराउ हुने गरेको पाईन्छ ।

यहाँको बार्षिक औषत तापक्रम २५ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयस सम्म रहेको छ । कर्णाली प्रदेशको राजधानीबाट प्रदेशका अन्य पहाडी र हिमाली जिल्लाहरुमा जानको लागि मुलद्धारको रुपमा रहेको गुराँस गाउँपालिका कृषि, पशुपंक्षि, वन, जडीबुटी, पर्यटन तथा साना अन्य उद्योगहरुको लागि उपयुक्त स्थान रहेको छ । नेपालको आर्थिक तथा सामाजिक विकासमा कृषि, पशुपंक्षी तथा अन्य घरेलु तथा साना उद्योग व्यवसायकको अग्रणी भूमिका रहेको छ । औधोगिककरणको गति मन्द रहेकोले यहाको कृषि तथा पशु व्यवसाय नै आर्थिक विकासको मूख्य आधार क्षेत्र हो । यस गाउँपालिकामा कृषि तथा पशुपंक्षी व्यवसायमा (९२.३३) प्रतिशत अत्यधिक जनसंख्या संलग्न रहेको छ । पढेलेखेका विपन्न र साधारण लेखपढ गर्ने व्यक्तिले पनि सहज रुपमा कृषि, पशुपंक्षी तथा अन्य साना उद्योग व्यवसाय अगाल्न सक्ने भएकोले यो व्यवसायलाई व्यवस्थित गर्न जरुरी छ । हाल रहेको मिश्रित व्यवसायीक प्रणालीले कृषि,पशुपंक्षी, वन, जडिबुटी पर्यटन तथा साना व्यवसायको विकास र विस्तार हुन नसकेको अवस्था छ ।

## गुराँस गाउँपालिका वडा नम्बर २ कोसंक्षिप्त परिचयः

राज्यको पुनःसंरचनासँगै दैलेख गुराँस गाउँपालिका वडा नम्बर दुइ साविकका खड्कबाडा र वराहा गाविस केही भाग मिलाएर बनाइएको हो । पश्चिममा वडा नम्बर १ पुर्वमा गुराँस गाउँपालिका वडा नम्बर ४ र उत्तरमा कर्णाली नदी दक्षिणमा वडा नम्बर ३ सँग जोडिएको यो वडामा विशेषगरी दलित समुदायको वाहुल्यता बढी छ । अन्य समुदायको पनि बसोबास रहेको वडा नम्बर दुइका नागरिकको मुख्य पेशा कृषि हो । यो वडामा विभिन्न पर्यटकीय क्षेत्रहरु पनि रहेका छन् ।राष्ट्रिय जनगणना २०७८ को अनुसार पुरुष :१,३१३ र महिला : १,४२० गरि जम्मा २,७३३ रहेको छ ।

### सार्बजनिक सुनुवाईः

नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्न संरचनाभई तीन तहको सरकारको अवधारणाबाट स्थानीय सरकार गठन भएका छन् । जन निर्वाचित प्रतिनिधिहरुले सरकार सञ्चालन गरि रहेका छन् । तीनतहको सरकारले सञ्चालनको दायित्व अनुसार आ-आफ्नो ऐन, कानुन बनाउने र अधिकारको उपयोग गर्ने कार्यको थालनी भएको छ । संघीय सरकार, प्रदेश सरकारर स्थानीय सरकारको ऐन कानून बमोजिम सरकार सञ्चालनको प्रकृया थालनी भएपछि स्थानीय सरकारले पनि सोही अनुरुप अभ्यास गर्दै आएका छन् । जसअनुसार विगतका संरचनाहरुमा रहेका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशु विकास लगायतका स्थानीय सरकार मातहत हस्तान्तरण भई सकेको अवस्था छ । विभिन्न विषयगत इकाइहरुमा रहेका सेवा प्रवाह आर्थिक विकास अन्तर्गत कृषि, विकास, पशु विकास, पर्यटन विकास, उद्यम विकास, सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, लैगिंक समानता, सामाजिक समावेशीकरण, महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्ग, पिछडा वर्ग, जेष्ठ नागरिक, खेलकुद, खानेपानी सरसफाई सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ प्रशासकीय र वित्तिय सुशासन गरिबी निवारण, रोजगारी, वन वातावरण, विपद् व्यवस्थापन, लगायतका क्षेत्रमा नागरिकताको संग्लनता बढाउनतर्फ स्थानीय सरकार लागेका छन् ।

स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र लाभको हकमा समुदायको सहज पहुँच हुने अवस्था सिर्जना भएको छ । विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागू गर्दै आएको छ । तिनै ऐन, नीति, नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् ।

कुनै पनि कार्यालयको कामलाई सुशासन, पारदर्शीता, जवाफदेहिता, रजन सभागीता र विधिको साशन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जन गुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनताप्रतिको जवाफदेहीता, उत्तरदायित्व, र विकाससँग सम्बन्धित रहन्छ ।

### गुराँस गाउँपालिका वडा नम्बर २ सार्बजनिक सुनुवाई :

वडा कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवं सबल संस्थाको रुपमा स्थापित गर्नका लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । त्यही व्यवस्थाअनुसार आर्थिक बर्ष २०८१/०८२ को ६ महिनामा सञ्चालन गरिएका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको गुराँस गाउँपालिका वडा नम्बर २ को सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो ।

स्थानीय तहमा सुशासन वा सामाजिक जवाफदेहिता प्रवर्द्धनका लागि विभिन्न औजारहरुको अभ्यास गर्न र उपभोक्ता समितिबाट सम्पन्न विभिन्न योजनालाई पारदर्शी बनाउने अभ्यासका लागि विभिन्न नीति,

निर्देशिका, कार्यविधि तयार गरि सोही आधारमा स्थानीय तह सो सँग सम्बन्धित सेवा प्रदायक इकाईहरु र निकायबाट प्रवाह हुने सेवामा प्रभावकारी बनाउदै लैजान आवश्यक रहेको छ ।

यस सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रालिले गरेको हो ।

**सार्बजनिक सुनुवाईको उद्देश्यः**

सार्वजनिक सुनुवाई गर्नुको मुख्य उद्देश्य चालू आर्थिक वर्ष ०८१/०८२ को ६ महिनामा गुराँस गाउँपालिका वडा नम्बर २ कार्यालयबाट भएका सेवा तथा सम्पादन गरिएका कार्यक्रहरुको बारेमा आम नागरिकको बुझाई र प्रतिक्रिया लिने तथा जनताको गुनासो सम्बोधन गर्नु मुख्य उद्देश्य हो । यसका विशिष्ट उद्देश्यहरु तपशिल अनुसार रहेका छन् ।

- वडाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न ।
- विकास निर्माणबारे सरोकारवालाहरुको धारणा, जिज्ञासा, विचार र सुझावलाई सम्बोधन गर्न ।
- स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्बाद स्थापित गर्न ।
- विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा सेवाप्रवाहलाई गुणस्तरीय बनाउन ।
- नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गर्न तथा सरकारलाई जिम्मेवार बनाउन ।

## सार्बजनिक सुनुवाईको विवरण

**सहजिकरण गर्ने संस्थाः** स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रालि

**सार्बजनिक कार्यक्रम संचालन भएको मितिः** २०८१ माघ महिनाको १५ गते

**सार्बजनिक सुनुवाई भएको स्थानः** गुराँस गाउँपालिका वडा नम्बर २ कार्यालय पैरैनी दैलेख ।

**सार्बजनिक सुनुवाई भएको समयः** १२ बजेदेखि ४ बजेसम्म

**कार्यक्रममा सहभागी संख्याः** ३२ जना

**कार्यक्रमको प्रमुख जवाफदेही वक्ताः**

- वडा अध्यक्षः शेर बहादुर रावल
- वडा सचिव दल बहादुर विसी

**सहायक जवाफदेही वक्ताः**

१) रामशिला विक (वडा सदस्य)

२) महाबिर बुढा (वडा सदस्य)

३) भुपेन्द्र प्रसाद शर्मा (प्रधानाध्यापक)

४) किरण केसी (स्वास्थ्य चौकी पुरैनी)

५) लक्ष्मण पुलामी मगर (तल्लो डुङ्गेश्वर प्रहरी चौकी)


**सार्बजनिक सुनुवाई कार्यक्रममा पेश भएका प्रतिवेदनहरुः**


गुराँस गाउँपालिका वडा नम्बर २ को आर्थिक बर्ष २०८१/८२ को अर्धबार्षिक सार्बजनिक सुनुवाई कार्यक्रममा तपशिलका प्रतिवेदनहरु प्रस्तुत गरिएको थियो ।

- वडाको नीतिगत सुधार, विकास निर्माण सेवा प्रवाहको अवस्थाः वडा सचिव दल बहादुर घले
- स्वास्थ्य सेवाको प्रवाह र प्रगतिः स्वास्थ्य चौकी इन्चार्ज किरण केसी
- नागरिक सर्वेक्षण प्रतिवेदनः सहजकर्ता टेकराज केसी
- आचारसहिंता प्रस्तुतः  सहजकर्ता टेकराज केसी

**सार्बजनिक सुनुवाई कार्यक्रममा भएको उपस्थिति**

२०८१/८२ को ६ महिनामा सम्पादन गरिएका विकास निर्माण कार्य, सेवा प्रवाहबारेमा सार्वजनिक सुनुवाई गरियो । सार्बजनिक सुनुवाई कार्यक्रममा विभिन्न वस्तीका स्थानीय, राजनीतिक दल, टोल विकास समिति, योजना उपभोक्ता समिति, सामुदायिक संस्था, विद्यालय, आमा समूह, शिक्षक, बुद्धिजीवि, पत्रकार लगायतको सहभागिता रहेको थियो ।





सार्वजनिक सुनुवाई कार्यक्रमका विषयहरु :

- शिक्षा
- स्वास्थ्य
- खानेपानी तथा सरसफाई
- रोजगार
- कृषि पशु
- भौतिक पूर्वाधार
- सुशासन विकास निर्माण
- सेवा प्रवाह स्थिति विवरण

**गुराँस गाउँपालिका वडा नम्बर २ को आर्थिक बर्ष २०८१/०८२ को अर्धबार्षिक समिक्षा तथा सार्बजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा, सुझाव तथा जवाफ**

| क.स | प्रश्कर्ताको नाम ठेगाना | प्रश्नकर्ताको प्रश्न, जिज्ञासा, सुझाव | जवाफदेही वक्ताको जवाफ |
|---|---|---|---|
| १ | बीर बहादुर बि. सि., गुराँस गा.पा. २ | स्वास्थ्यको रिपोर्टका अनुसार कुपोषणमा परेका बालबालिका धेरै छन् यसलाई न्युनिकरण गर्न के योजना छ ? | **किरण केसी (स्वास्थ्य चौकी पुरैनी)**:कुपोषणमा परेका बालबालिकाका सम्बन्धमा यो ६ महिनाको डाटा हो पुस मसान्त सम्म आइपुग्दा ४ जना मात्र कुपोषित बच्चा छन् । यसलाई न्युनिकरण गर्न हामीले भरखरै पाखुराको नाप लेखाजोखा भनेर एउटा कार्यक्रम चलाएका थिइउ, हामीले ओटिसी सेन्टर स्थापना गरेका छौ । सबै भन्दा पहिले त बालबिबाह अन्त्य गर्नु पर्छ । |

| | | | |
|---|---|---|---|
| | | पशुलाई लगाउने पिपिआर खोपको लागि वडाले भेटेनरी संग कस्तो समुन्वय गरेको छ ? | **शेर बहादुर रावल( वडा अध्यक्ष)**:<br>यो पिपिआर भन्ने हामीले भनेर नहुने रहेछ, माथि बाट सिविर बस्ने भयो भने कार्यक्रम नजुदाउनु भनेर खबर हुने गरेको छ त्यो भन्दा धेरै हुदैन तैपनि हामीले माग गर्न छोडेका छैनौ । |
| २ | नन्दा शाही, गराँस गा.पा. २ | विद्यालायमा बिद्युत मिटर जडान र बिद्युत महशुल तिर्न स्रोत छैन वडाले यसमा केहि सहयोग गर्न सक्छ कि ? | **शेर बहादुर रावल( वडा अध्यक्ष)**:<br>बिद्युतको बिषयमा तेसको आफ्नै नियम छ । हामीलाई वडा बाटै केहि गर्ने अख्तियारी दिएको भए राम्रो हुने थियो । सबै कार्यलयको काम चुस्त बनाउन सबैलाई बिद्युतको पहुच दिने पालिकाले निति लिएको छ । यो गर्न सकिने काम हो । |
| | | विद्यालयमा प्राथामिक स्वास्थ्य बक्सको आवस्यक्ता छ त्यो कहिले सम्म उपलब्ध हुन्छ ? | **किरण केसी (स्वास्थ्य चौकी पुरैनी)**:प्राथामिक स्वास्थ्य बक्स हामीले दिने होइन हामीले स्वास्थ्य शाखामा माग गर्ने हो तेहाँ बाट आयो भने हामी उपलब्ध गराउछैं । |
| | | पहिले प्रहरीले गाउँमा गस्ति गर्ने अनि विद्यालयमा जनचेतनाका कार्यक्रम गर्न गरेको थियो अहिले बन्द भयो किन होला ? | **शेर बहादुर रावल( वडा अध्यक्ष)**:प्रहरीले गाउँमा गस्ति गर्ने अनि विद्यालयमा जनचेतनाका कार्यक्रम गर्न पहिले गर्ने गरेको थियो अहिले जनशक्त अभावको कारण गर्न नसकेको भन्ने छ । गाउँघरमा त केहि घटना भयो वा कुनै कार्यक्रममा बोलायो भने तुरुन्तै आउने गरेका छन् । |

| | | | |
|---|---|---|---|
| | | वडाले कृषि प्राविधिक कहिले सम्म उपलाब्ध गराउँछ ? | कृषि प्राविधिक उपलब्ध गराउने कुरामा हामीले वडामा एक एक वटा कृषि र पशु प्राविधिक चाहिन्छ भनेर भनिरहेका छौ तेसको व्यवस्थापन हाम्रो हातमा छैन । |
| ३ | | २ न. वडामा बालबच्चा नै लगेर इन्डिया जाने समस्या छ तेसले गर्दा बालबच्चाको शिक्षा र भविष्यमा ठुलो असर पेरेको छ यसलाई रोक्न के कस्ता कार्यक्रम छन् र योजना छन् ? | **भुपेन्द्र प्रसाद शर्मा ( प्रधानाध्यापक)**: यो साँचो हो हाम्रो वडामा बालबच्चा नै लगेर इन्डिया जाने समस्या छ । यसको लागि ब्यापक जनचेतनाका कार्यक्रम गर्न आवस्यक छ । राज्यले दिने प्रोत्साहनका कार्यक्रमलाई पनि ब्यापक गर्नु पर्ने छ । |
| | | | **शेर बहादुर रावल( वडा अध्यक्ष)**: यो सबै गरिबी र बेरोजगारीको उपज हो । यसमा हाम्रो आनिबानि पनि खराब छ, राज्यले बिभिन्न संस्था सँग मिलेर काहि बाखा कहि कहि कुखुरा ४० जना युवालाई कोहिलाई ४० हजार कोहिलाई ५० हजार कोहिलाई १ लाख दिएको हो नि स्वरोजगार बनाउनु पर्छ भनेर, त्यो पैसा हुने बेला सम्म स्वरोजगार पैसा सकिन्छ अनि बेरोजगार तेसपछि बालबच्चा समाएर इन्डिया जाने तेस कारण हाम्रो आनिबानि पनि ठिक छैन । १० कक्षा सम्म राज्यले पाठ्यपुस्तक निशुल्क गरेको छ । जोखिममा परेका बालबालिकाको लागि राज्य र बिभिन्न संस्था लागेका छन् । सबै राज्यले मात्र गरेर हुदैन आफ्ने बच्चाको लागि बावुआमाले पनि सोच्दिनु पर्यो । |
| ४ | तिलवीर दमाई गुराँस | वडाको समग्र बिकाशमा | **शेर बहादुर रावल( वडा** |

| | | | |
|---|---|---|---|
| | गा.पा. २ | सबैलाई समेट्नु पर्यो । | **अध्यक्ष)**: सबैलाई समेटिएकै छ । तेस्तो केहि छैन । काम गर्दै जाँदा अलि अलि आरोप त आइहाल्छ, कहिले काँहि देउता त आरोपीत हुन्छन् भने हामी त मान्छे हो, सके सम्म सबै लाई समेट्ने प्रयास हुने छ । |
| ५ | अन्य सुझावहरु | वडाको शिक्षा, स्वास्थ्यको अवस्था सुधार गर्नेगरी योजना बनाएर जानुपर्छ । वडाभित्रका बाटाघाटाका सुधार गर्दै लैजाने र योजना छनौट गर्दा वस्ती स्तरसम्म पुगेर बनाउन सुझाव छ । | |

**सार्वजनिक सुनुवाई गर्न अपनाइएको विधि :**

- वडा कार्यालयसँग समन्वय
- सार्वजनिक सूचना टाँस, (फेसबुक, सूचना पार्टी, वेभसाइड)
- कार्यालयको तर्फबाट पत्रचार

**कार्यक्रमबाट भएका उपलब्धिहरु :**

- वडा कार्यालय र आम नागरिकबिचको सम्बन्ध प्रगाढ भई विकास निर्माणका काममा जनसहभागिता बढ्ने छ ।
- योजना/आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा नराम्रा दुवै पक्षको कार्यको मूल्याङ्कन हुनेछ । भने सुधारको मौका प्राप्त हुने छ ।
- जनताको आवश्यकता पहिचान भई त्यही अनुसारको योजना बनाउन सहयोग पुग्ने छ ।

**सिकाई सुझाव :**

समग्रमा हरेक वर्ष सार्वजनिक सुनुवाई कार्यक्रम हुने गरेका छन् । तर सार्वजनिक सुनुवाई कार्यक्रमलाई अझै फराकिलो घेरामा बनाउनु आवश्यक देखिन्छ । यसको लागि निम्नलिखित सुझाव पेश गर्न चाहन्छौ ।

- सार्वजनिक सुनुवाईमा स्थानीय सहभागिताको लागि आयोजकले बढि ध्यान दिनुपर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रम खुला चौर अथवा ग्रामीण भेग केन्द्रीत गर्नुपर्ने ।

- सार्वजनिक सुनुवाई कार्यक्रमबाट आएका सुझाव कार्यान्वयनमा ध्यान दिनुपर्ने ।
- वडामा नागरिक वडापत्रको प्रयोग बढाउनुपर्ने तथा सबै देखिने पहुँच भएको ठाउँमा राख्नुपर्ने ।
- स्थानीयको गुनासो अभिलेखीकरण गर्नुपर्ने ।

**निष्कर्ष :**

स्थानीय तहलाई सेवाग्राहीप्रति उत्तरदायी, पारदर्शी तथा जवाफदेही बनाउने र नागरिकलाई सेवा प्रवाहमा जनसहभागिता र चासो बढाउन सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम प्रभावकारी देखिएका छन् । नागरिक एवं सेवाग्राहीको सक्रियतामा सार्वजनिक प्रशासनमा जवाफदेहिता बढाउन, स्वेच्छाचारी नियन्त्रण, सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राखेर अशल शासन बनाउन सार्वजनिक सुनुवाई प्रभावकारी देखिएको छ । सार्वजनिक निकायमा गर्दै आएका कामलाई अझै सेवाप्रवाहमा थप सुधार ल्याउने वातावरण सिर्जना गर्न पनि यो उपयुक्त छ ।

नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकार भएको हुँदा स्थानीय सरकारप्रति जनचासो देखाउनु, काम कारवाही र सेवाप्रवाहमा जनसहभागितामूलक र विगतका गल्ती कमजोरी सच्याएर लैजाने प्रतिवद्धताको लागि यो सुनुवाई महत्वपूर्ण रहेको निश्कर्ष निकालिएको छ ।

**प्रतिवेदनहरुः**

सार्बजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएका प्रतिवेदनहरु निम्न छन्:

- **वडा तर्फबाट सेवा प्रवाह र विकास निर्माण तथा योजना कार्यान्वयनको अवस्था सम्बन्धि प्रतिवेदनः** गुराँस गाउँपालिका वडा नम्बर १ कार्यालयको सेवा प्रवाहको अवस्थाका विषयमा अर्धबार्षिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । जसलाई तल प्रस्तुत गरिएको छ ।

**गुराँस गाउँपालिका २ नं. वडा कार्यालय, पुरैनी दैलेखबाट चालु आ.व.०८१।८२ को अर्धवार्षिका सम्पादन भएका कार्यको सार्वजनिक सुनुवाई कार्यक्रममा यहाँहरूलाई मेरो ब्यक्तिगत तथा वडा कार्यालयको तर्फबाट हार्दिक स्वागत गर्दछु ।**

**दल बहादुर वि.सी.**
**वडा सचिव**
***गुराँस गाउँपालिका २ नं. वडा कार्यालय,***
**पुरैनी दैलेख**
**मितिः २०८१।१०।१५**

## जन प्रतिनिधि तथा कर्मचारीहरूको विवरण

- श्री शेर बहादुर रावल (वडा अध्यक्ष)
- श्री टेक बहादुर नेपाली (वडा सदस्य)
- श्री रामसिला वि.क. (वडा सदस्य)
- श्री महाविर बुढा (वडा सदस्य)
- श्री सोमती वि.क. (वडा सदस्य)
- श्री दल बहादुर वि.सी. (वडा सचिव)
- श्री जनक नेपाली (कार्यालय सहयोगी)

# हाल सम्म संचालन भएका कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रम | विनियोजित बजेट | भुक्तानी भए नभएको | कार्य प्रगति | कै. |
|---|---|---|---|---|---|
| १ | तिज विशेष कार्यक्रम | २५०००।० | २५०००।० | सम्पन्न | |
| २ | अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिक सम्मान तथा स्वास्थ्य परिक्षण | ५००००।० | भुक्तानि हुन बाँकी | कार्यक्रम सम्पन्न | |
| ३ | कला संस्कृती प्रद्वधन कार्यक्रम | ५००००।० | भुक्तानि हुन बाँकी | कार्यक्रम सम्पन्न | |
| ४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | संचालनमा ११ जना श्रमिक | | | |
| ५ | मुख्यन्त्री रोजगार कार्यक्रम | संचालनमा २१ जना श्रमिक | | | |
| ६ | सामाजिक सुरक्षा भत्ता वितरण २ त्रैमासिक गुराँस गा पा सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा र प्रभु बैंक संगको साझेदारीमा साथै यस कार्यलाई निरनतर्ता दिइने छ । | | | | |

क्रमश्

# राजश्व सम्बन्धी विवरण

**आ.व. : २०८१/८२ संकलन केन्द्र : गुरास गाउँपालिका,२ नं. वडा कार्यालय, दैलेख**
**अवधी : २०८१/०४/०१-२०८१/१०/१० कारोबारको प्रकार : आन्तरिक राजस्व**

| क्र.सं. | राजस्व शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | सम्पती कर | ८,६३३.०० | |
| २ | भुमिकर/मालपोत | ६७,१७१.५३ | |
| ३ | विद्युत सेवा शुल्क | ८५,४७५.०० | |
| ४ | सिफारिश दस्तुर | ३१,३०४.०० | |
| ५ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३४,५००.०० | |
| ६ | नाता प्रमाणित दस्तुर | २,०००.०० | |
| | जम्मा | २,२९,०८३.५३ | |

अन्य वडाको तुलनामा कम राजश्व संकलन हुनुको कारण यस वडाभित्र पर्ने अधिकाँस जग्गा धार्मिक गुठीमा रहनु

# जन्म दर्ताका लागि आवश्यक पर्ने कागजातहरू (समान्य अवस्थामा)

- बाबु/ आमाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति
- स्वास्थ्य चौकी वा अस्पतालबाट प्रदान गरिएको जन्म कार्डको प्रतिलिपि १ प्रति
- सूचक बस्ने व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति
- बच्चाको नाम
- ३५ दिन भित्र निशुल्क र ३५ दिन पश्चान रू २०० प्रतिलिपि ५००

# बसाई सराई जानका लागि आवश्यक पर्ने कागजातहरू

- बसाईसरी जाने सदस्यको नाममा, बसाईसरी जाने स्थानमा रहेको जग्गाधनि प्रमाणपत्रको प्रतिलिप १ थान
- अन्तिम वर्ष मालपोत तिरेको रसिदको प्रतिलिपि १ थान
- बसाईसरी जाने प्रत्येक सदस्यको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १/१ थान
- बसाईसरी जने प्रत्यक सदस्यको व्यक्तिगत घटना दर्ता अनिवार्य
- सुल्क रू २००

## वडा कार्यालयबाट लिने सिफारिसका लागि आवश्यक पर्ने कागजात

- निवेदन १ थान
- निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- तोकियको सुल्क


## नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि प्राप्त गर्नका लागि आवश्यक पर्ने कागजात

- प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रको नागरिकता नम्बर र जारी मिति
- २ प्रति पासपोर्ट साईजको फोटा
- निवेदन
- नगद रू २००


- **नागरिक सर्वेक्षण प्रतिवेदन**: गुराँस गाउँपालिका वडा नम्बर १ कार्यालयको सेवा प्रवाह र विकास निर्माणको सन्दर्भमा वडाभित्रका केही नागरिकलाई नमुनाको रुपमा प्रश्नहरु सोधि आएको परिणामहरु कार्यक्रममा प्रस्तुत गरिएको थियो । जसलाई तल प्रस्तुत गरिएको छ ।

# १ सेवाको सन्तुष्टी


**तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**





**सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**




कार्यालयमा कर्मचारी र पदाधीकारीको नियमितता




**तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**





**यस कार्यालयले सार्बजनिक चासो तथा समस्या समाधान गर्न औसतमा कति दिन लगाउने गर्छ ?**




# सेवा प्रतिको जनविश्वास


**यस कार्यालयले दिने सेवा प्रति कत्तिको विश्वस्त हुनुहुन्छ ?**





# कर्मचारीप्रतिको विश्वास



**यस कार्यालयले दिने सेवाको बारेमा अरुलाई जानकारी तथा प्रचार कतिको गर्ने गर्नुभएको छ ?**





# विपन्न वर्गको लागि सेवा तथा वजेटको प्रयोग





# सेवाको गुणस्तर


**सेवा लिँदा यस कार्यालयले दिने जानकारीबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?**



## तपाइ यस कार्यालय आउदा कसको सहयोग लिनुभयो ?





## यस कार्यालयमा एउटा कामको लागि कति पटक धाउनुपर्यो ?





# सेवा सम्बीन्धि जानकारी


### कार्यालयमा भौतिक अवस्था




**कार्यालयमा भएको नागरिक बडापत्रको बारेमा तपाईँलाइ जानकारी छ ?**





**कार्यालयमा भएको नागरिक बडापत्रको बारेमा तपाईँलाइ जानकारी छ ?**







## नागरिक बडापत्र, उजुरी पेटिका, गुनासो सुन्ने अधिकारी सम्बन्धमा


**तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?**





**तपाईको विचारमा पालिकावायसका सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा पदान गरेको जस्तो लाग्छ ?**




**तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?**



### सिफारिस लिँदा कसको सहयोग लिनुभयो ?





# सिफारिस सम्बन्धी


### सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?





### राजस्व दस्तुर ककससँग उठाउने गर्छन ?




## कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?





## कार्यालयमा सेवाप्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?





## तपाईको वडामा विकास निर्माणको स्थिति कस्तो छ ?




**तपाईको वडामा संचालन गरेका आयोजनाहरु कतिको प्रभावकारी छन् ?**





**स्थानीय सरकारमा आयोजनाको बिलभुक्तानी दिने व्यवस्था कस्तो छ?**





**आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**




**आयोजना सञ्चालन गर्दा कार्यालयबाट प्राविधिक सहयोग कतिको पाउनु भयो ?**





**कार्यालयले निर्माण गरेका ऐन, नियम, नीति, निर्णय, बजेट कार्यक्रम, कार्यप्रगति आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?**





**कार्यालयमा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?**






सार्वजनिक हुने माध्यम के के हुन् ?
०%
३०%
०%
६८%
२%
वेभसाइड
सुचना पार्टी
पत्रपत्रिका र मिडिया
सार्बजनिक सुनुवाइ
जानकारी छैन

**यस कार्यालयबाट तपाईले चाहेको विवरण पाउँनु भएको छ?**





# बहिर्गमन अभिमत


**सेवालिनको सँग सम्पर्क गर्ने भन्नेमातपाईको धारणा के–कस्तो छ ?**




**सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कतिबुझे जस्तो लाग्यो ?**





**तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**





**सेवाप्राप्तगर्न आवश्यक सूचनाहरु (प्रमाण –कागजात र शुल्क–दस्तुर ) बारे तपाईलाई सेवाप्रदायककर्मचारीले स्पष्ट गरे कि?**






## लिखित प्रतिवद्धता

सार्बजनिक सुनुवाई कार्यक्रममा सहभागि प्रश्नकर्ता र जवादेहीवक्ताबाट उठेका सवाल र जवाफको आधारमा लिखित प्रतिवद्धता समेत व्यक्त गरिएको थियो जसलाई तल प्रस्तुत गरिएको छ ।



आज मिती २०८१ साल माघ महिनाको १५ गतेका दिन सुरक्षा गाउँपालिकाको आयोजना तथा स्टार इन्केलन को सहजिकरणमा सम्पन्न वडा नम्बर ८ दुईको सार्वजनिक सुनुवाई कार्यक्रममा निम्न बमोजिमका प्रतिवद्धता व्यक्त गर्दछौं ।

तपशिल

प्रतिवद्धता नं. १:- वडाको सेवालाई थप प्रभावकारी बनाउँदै लैजाने र नागरिक वडापत्रको प्रयोगलाई बढाउने प्रतिवद्धता व्यक्त गर्दछौं ।

२) कृषि क्षेत्रमा योजना बढाउँदै लैजाने र कृषि तथा पशु सेवालाई वडाबाट हितगरी पहल गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

३) स्वास्थ्य सेवालाई राम्रो बनाउँदै लैजाने र कुपोषण अन्त्य गर्न पहल गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।



४) बाल विवाह न्युनिकरणको लागी विभिन्न सचेतनाका कार्यक्रम संचालन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

५) वडाको शान्ति सुरक्षा कायम राख्नको लागी पहल गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

६) वडाको शिक्षाको गुणस्तर कायम गर्दै लैजाने र विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन सचेतनाका कार्यक्रम संचालन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

७) विकास र सेवा प्रवाह गर्दा वा लिंदा मिती नियमभित्र रहन हामी सबै प्रतिवद्ध छौं ।

## सार्बजनिक सुनुवाइका झलकहरु









स्थानीय तहमा सुशासन प्रवर्द्धनको लागि
सार्वजनिक सुनुवाई